# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०९।१४ गते।

### प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सर्लाही, कविलासी नगरपालिका वडा नं. ८ स्थित अधुरो रामजानकी मन्दिर निर्माण कार्यमा वास्तविक कार्यभन्दा बढी कार्य भएको गलत विल बनाई रकम हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०७६/०७७ मा कविलासी नगरपालिका वडा नं. ८, सर्लाहीस्थित अधुरो रामजानकी मन्दिर निर्माण कार्यमा फिल्डमा कम काम भएकोमा बढी काम भएको भनी नापी कितावमा मूल्याङ्कन गरी चढाएको तथा ठेक्का विल र कार्यसम्पन्न प्रतिवेदन तयार गरी सिफारिससमेत गरी फिल्डमा वास्तविक रुपमा भएको कार्यभन्दा बढी मूल्याङ्कन गराई भुक्तानी माग गर्ने र कार्य सम्झौता विपरीत कार्यसम्पन्न भएको भनी रु.९७,८४०।४० रकम बढी भुक्तानी दिई/लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को कसुर गरेको देखिँदा सोही ऐनको देहाय दफा बमोजिमको कैद र जरिवानाको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

| सि.नं. | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्याम किशोर राय | जिल्ला सर्लाही, कविलासी नगरपालिका | रु.९७,८४०।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) मा उल्लेख भएबमोजिमको कसुर गरेकोले निजलाई सोही ऐनको दफा ८(१) मा उल्लेख भएबमोजिम कैद एवं खुल्न आएको बिगो बमोजिम जरिवाना गरी उल्लिखित बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ । |
| २. | तत्कालीन इन्जिनियर रामविनय प्रसाद यादव | जिल्ला सर्लाही, कविलासी नगरपालिका | रु.९७,८४०।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ग) बमोजिमको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ । |
| ३. | सव-इन्जिनियर उमेश कुमार दास | जिल्ला सर्लाही, कविलासी नगरपालिका | रु.९७,८४०।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ग) बमोजिमको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ । |
| ४. | अध्यक्ष रामभरोसी मण्डल धानुक, सचिव बालमेश्वर साह कलवार र कोषाध्यक्ष रिना कुमारी | अधुरो रामजानकी मन्दिर निर्माण कार्य उपभोक्ता समिति | रु.९७,८४०।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिमको कसूर गरेको हुँदा निजहरुउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर गर्न मागदाबी लिइएको छ। |

प्रवक्ता
श्याम प्रसाद भण्डारी